STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ९१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ बैशाख २ गते शुक्रबार ❑ 15 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## निर्वाचनबारे संशय पैदा गर्ने अभिव्यक्ति नदिन आग्रह

**रासस**
**काठमाडौं, १ बैशाख**

निर्वाचन आयोगले निर्वाचनका विषयमा अन्यौल सिर्जना गर्ने खालका अभिव्यक्ति नदिन राजनीतिक दलका नेतागणलगायत सरोकारवाला सबैलाई आग्रह गरेको छ।

निर्धारित समयमै स्थानीय तहको निर्वाचन गर्ने तयारी तीव्र रुपमा अन्तिम चरणमा पुगेकाले निर्वाचनबारे संशय पैदा गर्ने ढङ्गबाट राजनीतिक दलका नेता तथा कार्यकर्ताबाट आएका अभिव्यक्तिप्रति आयोगको ध्यानाकर्षण भएको नियमित पत्रकार भेटमा प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताउनुभयो।

उहाँले निर्वाचन आचारसंहिता उल्लङ्घनका घटनाको आयोगले निगरानी गरिरहेको र उल्लङ्घन गर्नेमाथि आवश्यक कारवाहीका लागि अनुसन्धान गर्न पत्राचार गर्ने र बुझ्ने काम भइरहेको जानकारी दिनुभयो।

यसैबीच, आगामी स्थानीय तह निर्वाचनका लागि आवश्यक एक करोड ९४ लाख थान मतपत्रमध्ये आजसम्म ३९ जिल्लाको ७० लाख ३३ हजार थान मतपत्र छपाई सम्पन्न भएको छ। हाल दैनिक सरदर आठ लाख थान मतपत्र छपाइ कार्य भइरहेको जानकारी दिइयो। स्थानीय तह निर्वाचनको पर्यवेक्षण गर्न चाहने राष्ट्रिय संस्थाका लागि १५ दिनको समय दिइ पर्यवेक्षण अनुमतिका लागि गत चैत १३ गते सूचना प्रकाशित गरी आवेदन माग गरिएकामा सो अवधिभित्र ६५ वटा संस्थाबाट विद्युतीय माध्यमद्वारा निवेदन प्राप्त भएको आयोगले जनाएको छ। ती संस्थाबाट प्रस्तावित पर्यवेक्षकको सङ्ख्या २० हजार ४६७ रहेकामा पुरुष ११ हजार ६९४, महिला आठ हजार ४८२ र अन्य २९१ रहेको छ। उक्त निवेदन उपर जाँचबुझ गरी यथाशीघ्र आयोगले पर्यवेक्षण अनुमतिसम्बन्धी निर्णय गर्नेछ।

निर्वाचन आयोगले स्थानीय तह निर्वाचनसम्बन्धी सम्पूर्ण गतिविधि र सूचनाको सहजरूपमा जानकारी दिन आजैदेखि हरेक दिन 'स्थानीय तह निर्वाचन इ-बुलेटिन' प्रकाशन सुरु गरेको छ। बुलेटिन आयोगको वेबसाइटमा उपलब्ध हुनेछ। यसबाट आयोगका आधिकारिक सूचना सम्बन्धित सबैमा पुग्ने आयोगले विश्वास लिएको छ। स्थानीय तह निर्वाचनमा खटिने मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृत र निर्वाचन कार्यालयका प्रमुखका लागि 'निर्वाचन सञ्चालन तथा व्यवस्थापन प्रादेशिक प्रशिक्षण' विराटनगर, धुलिखेल, पोखरा र नेपालगञ्जमा सम्पन्न भएको जानकारी दिइएको छ।

यस्तै प्रशिक्षण कार्यक्रम जनकपुर, हेटौंडा, बुटवल र धनगढीमा वैशाख २ गते हुने र प्रशिक्षणपछि आयोगले सोही स्थानबाट निर्वाचन अधिकृतलाई नियुक्तिपत्र र आवश्यक सामग्री उपलब्ध गराउनेछ।

आगामी वैशाख ३० गते सम्पन्न हुने स्थानीय तहको निर्वाचनमा आयोग र सञ्चार जगतसँगको समन्वय र सहकार्य अभिवृद्धि गर्दै स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयमुक्त वातावरण कायम गर्न, निर्वाचन आचारसंहिताको कार्यान्वयनमा योगदान पुऱ्याउने हेतुले विराटनगर, गण्डकी प्रदेशको पोखरा र कर्णाली प्रदेशको सुर्खेतमा मिडिया अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

## कृषि पर्यटनबाटै मादीको जिवनस्तर उकास्न सकिन्छ: मन्त्री बराल

**पोखरापत्र संवाददाता**
**पोखरा, १ बैशाख**



गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले कृषि र पर्यटनबाटै कास्की मादी गाउँपालिकाको जिवन स्तर उकास्न सकिने बताउनु भएको छ।

कास्कीको मादी गाउँपालिका वडा नम्बर ११ स्थित खिमाजेमा नव बर्षको अवसरमा आयोजित रमाइलो मेलाको एक समारोहका बिच विहिबार उद्घाटन गर्दै उक्त कुरा बताउनु भएको हो।

प्रतिभा माछापुच्छ्रे युवा क्लवको २२ औं बार्षिकोत्सवको अवसरमा आयोजित उक्त मेलाको उद्घाटन समारोहमा वोल्दै मन्त्री बरालले मादी गाउँपालिका कृषि र पर्यटनमा धेरै सम्भावना भएकोले गर्दा स्थानियको जीवन स्तर उकास्न विकासको पहिलो आधारमा कृषि र पर्यटन हुने दाबी गर्नु भएको हो। गण्डकी प्रदेशको राजधानि पोखरा मादी गाउँपालिका नजिक भएकोले पनि मादीमा उत्पादीत बस्तु र पोखरा आएका पर्यटकहरुलाई मादीसम्म लैजाने आवश्यक पूर्वाधार निर्माणमा प्रदेश सरकारले पहल गर्ने उहाँको भनाई थियो। माओबादी केन्द्रका नेता समेत रहनु भएको मन्त्री बरालले माओबादीको नितीमा देश चले पनि त्यसको कार्यान्वयनको लागि नेतृत्व गर्न आवश्यक भएको बताउनु भयो।

मध्यपहाडी लोकमार्गले गर्दा पनि मादीको विकासमा थप सहज भएको बताउदै मन्त्री बरालले मादीको बस्तीहरुसम्म सडक संजाल पुराउन सके गाउँको बस्तीलाई समेत रोक्न सकिने बताउनु भयो। क्लव स्तरिय भलिवल तथा भलिवल कोर्टको समेत उद्घाटन गर्दै मन्त्री बरालले नेपालले विश्वका शक्तिशाली देशलाई खेलबाट पराजित गर्न सक्ने भएकोले खेललाई महत्व दिनुपर्ने बताउनु भयो। क्लवका अध्यक्ष चलचित्र गुरुङको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रमा क्लवका संस्थापक तथा मार्दी गाउँपालिका वडा नम्बर ११ का वडा अध्यक्ष मित्र बहादुर गुरुङ लगायतले वोलेका थिए।

यसैबिच शनिबार सम्म चल्ने पुरुष भलिवल प्रतियोगिता अर्न्तगत विहिबार ४ खेलहरु सम्पन्न भएको क्लवले जनाएको छ। स्थानिय भावना युवा क्लवलाई बराल डाँडा युवा क्लवले सोझो सेटमा पराजित गऱ्यो भने अर्को खेलमा नव बुद्ध युवा क्लवले आयोजक प्रतिभा माछापुच्छ्रे बीलाई पराजित गऱ्यो। त्यसै गरी आयोजक प्रतिभा एको समुहले भगवतीटार युवा क्लवको टोलीलाई सोझो सेटमा पराजित गर्दा अर्को खेलमा भने माछापुच्छ्रे युवा क्लवले लम्तरी युवा क्लवलाई सोझो सेटमा पराजित गरेको हो। उक्त प्रतियोगितामा २२ टिमको सहभागिता रहेको अध्यक्ष गुरुङले बताउनु भयो। प्रतियोगिताका विजेताले ५५ हजार ५ सय दोश्रो पुरस्कार भने ३५ हजार ५ सय रुपैया रहेको क्लवले जनाएको छ।

## राष्ट्रपति भण्डारीबाट पूर्वप्रधानमन्त्री ओलीलाई 'मेधावी योगदान पदक' प्रदान

**रासस**
**काठमाडौं, १ बैशाख**

राष्ट्रपति विद्यादेवी भण्डारीले पूर्वप्रधानमन्त्री एवं नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीलाई विश्व स्काउट सङ्गठन, एशिया प्रशान्त क्षेत्रको ठूलो मानिने 'मेधावी योगदान पदक' प्रदान गर्नुभएको छ। नेपाल स्काउटद्वारा बिहीबार आयोजित समारोहमा राष्ट्रपति भण्डारीबाट सो पदक प्रदान गरिएको हो।

प्रधानमन्त्री रहँदा नेपाल स्काउटको अभियान विकास, विस्तार र प्रवर्द्धनमार्फत बालबालिका तथा युवाको सर्वपक्षीय विकासमा पुऱ्याएको योगदानको कदर गर्दै ओलीलाई सो पदक प्रदान गरिएको हो।

समारोहमा राष्ट्रपति भण्डारीले शान्तिपूर्ण राजनीतिक यात्राका क्रममा लामो जेल जीवन बिताएर मुलुकका लागि पूर्वप्रधानमन्त्री ओलीले दिनुभएको योगदानप्रति 'मेधावी योगदान पदक' ले गौरव प्रदान गर्ने बताउनुभयो। उहाँले स्वयंसेवा र अनुशासनका माध्यमबाट नेतृत्व विकास गराउन स्काउटको सान्दर्भिकता रहेको उल्लेख गर्दै नेपाली बालबालिका र युवालाई अनुशासित, जागरुक र कर्तव्यनिष्ट बनाइ विश्वस्तरमा प्रतिस्पर्धी तुल्याउन स्काउटले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो। राष्ट्रपति भण्डारीले चुनौतीको सामाना गर्दै नेपाल स्काउटले आफूलाई हरेक प्रदेश र पालिकास्तरमा विस्तार गर्न सकेकामा प्रशंसा पनि गर्नुभयो।

पदक ग्रहणपछि अध्यक्ष ओलीले मानव कल्याणका लागि अझै गतिशील र सङ्गठित हुन स्काउटलाई आग्रह गर्दै चारित्रिक र नैतिक हिसाबले आदर्शवान समाज निर्माणमा अग्रसर हुनुपर्ने बताउनुभयो। स्काउटलाई अप्ठ्याराका साथीका रुपमा उहाँले चित्रण गर्नुभयो। समारोहमा विश्व स्काउट सङ्गठन, एशिया प्रशान्त क्षेत्रका अध्यक्ष, निर्देशकलगायत विदेशी पाहुनाको सहभागिता थियो। सो अवसरमा नेपालका ज्येष्ठ स्काउट कलाकार प्रा गोविन्दनारायण ज्यापुलाई पनि सम्मान गरिएको थियो। नेपाल स्काउटका राष्ट्रिय संयोजक लोकबहादुर भण्डारीका अनुसार अध्यक्ष ओली सो पदक प्राप्त गर्ने पहिलो नेपाली हुनुहुन्छ। नेपाल स्काउट ऐन २०५० ले प्रधानमन्त्रीलाई नेपाल स्काउटको संरक्षक हुने कानुनी व्यवस्था गरेको छ। प्रधानमन्त्रीकै रुपमा ओलीले विभिन्न स्काउट कार्यक्रममा सहभागिता जनाउनुका साथै 'बालबालिकासँग प्रधानमन्त्री' भन्ने कार्यक्रम सुरु गराउनुभएको थियो। ओलीकै पहलकदमीमा पछिल्लो समय नेपाल स्काउटको संरचना ७५३ वटै पालिकामा विस्तार भएको छ भने बजेटमै प्रबन्ध भई देशका सबै विद्यालयमा स्काउट एकाइ सञ्चालन गर्ने कार्य थालनी भएको छ।

## नेपालमा भुमि व्यवस्थापनको एक सय वर्ष पुरा

**श्रीकृष्ण सिग्देल**
**स्याङ्जा, १ बैशाख**



देशभरीमा मालपोत कार्यालय र नापी कार्यालयले २०७८ चैत्र ३० देखि २०७९ बैशाख २ गते सम्म शतबार्षिकी दिवस मनाइरहेका छन्।

नेपालमा लिखत पारितको १ सय बर्ष पुरा गरेको अवसरमा भुमि व्यवस्थापन तथा अभिलेख विभाग मातहतका कार्यालयले शतबार्षिकी दिवस मनाएको हो। स्याङ्जामा पनि मालपोत र नापी कार्यालयले प्रभातफेरी गरी अन्तरक्रिया गरेको छ। मालपोत र नापी कार्यालय वालिङको संयुक्त आयोजनामा वालिङ स्थित आफ्नै कार्यालयबाट शुरु भएको प्रभातफेरी जैसीपधेरा, वालिङ मोड, भिआईपी टोल, नयाँ बजार हुदै मालपोत कार्यालयको सभाहलमा अन्तरक्रिया सम्पन्न गरेको छ।

अन्तरक्रिया कार्यक्रममा वालिङ नगरपालिकाका नगर प्रमुख दिलिपप्रताप खाँणले भुमि व्यवस्थापनको अभिलेख राख्न थालेको १ सय बर्ष पुरा भएकोमा शुभकामना व्यक्त गरे। नागरिकले भुमि भोगचलन गर्न पाउने अधिकार नेपाल सरकारले सुनिश्चित गरेको शतबार्षिकीले नागरिकको सेवामा अझै सुधारात्मक, सहज र सेवाग्राहीमैत्री बनाउने कदमको नगर प्रमुख खाँणले सुझाव व्यक्त गरे। नागरिकले भुमिप्रयोग गर्ने अधिकारबाट विकासमा केही असहजता प्रदान गरेको भन्दै यस्ता बिषयमा छलफल हुनु जरुरी रहेको बताए। अधिकांश झै झगडा र भष्ट्र्चारमा समेत जग्गा जमिन नै कारक बनेका घट्ना प्रति लक्षित गर्दै नगर प्रमुख खाँणले यस्ता घट्नाको न्युनिकरण तर्फ राज्य सचेत बन्नुपर्ने धारणा व्यक्त गरे।

नेपालको आर्थिक चलायमान बनाउन पछिल्लो समय जग्गा जमिनको कारोवार महत्वपुर्ण ठानिएको छ। राजस्व बृद्धिमा महत्वपुर्ण मानिएको भुमि नागरिकको प्रतिष्ठा सगँ पनि जोडिदै आएको छ। त्यसैले नेपाल सरकारले देशभरीका मालपोत र नापी कार्यालयलाई पुर्णरुपले प्रविधिमैत्री बनाउन लागेको छ। वालिङ मालपोत र नापी कार्यालयले पनि प्रविधि मार्फत् नागरिकलाई सेवा दिदै आएको मालपोत कार्यालय वालिङका प्रमुख रबिन अधिकारीले बताए। पेपरलेस अभियानमा वालिङको मालपोत तयारी अवस्थामा रहेको बताउदै मालपोत अधिकृत अधिकारीले विभागको अनुमतिको पर्खाइमा रहेको बताए।

अन्तरक्रियामा नेपाल पत्रकार महासंघ स्याङ्जाका अध्यक्ष श्रीकृष्ण सिग्देल, नापी कार्यालय वालिङका प्रमुख गगन ढकाल, इलाका प्रशासन कार्यालय वालिङका सुचना अधिकारी सुवाश पौडेल, नेपाल लेखापढी व्यवसायी एसोसिएसनका खेमनारायण रेग्मी र मालपोत कार्यालय वालिङका सुचना अधिकारी जिवनाथ पौडेलले भुमि व्यवस्थाको लिखत अभिलेख राखेको १ सय पुरा भएको दिवस मनाउन पाउनु हाम्रो पुस्ताको लागि गौरवको बिषय भएको बताएका थिए। सेवाग्राही र कार्यालय विचको सुमधुर सम्वन्धले सरकारी सेवाको अनुभुतिमा कुनै समस्या र झन्झटीलो नहुने गरी सेवा प्रवाह हुनुपर्नेमा जोड दिएका थिए। शतबार्षिकी अन्तरक्रिया कार्यक्रम लेखापढी व्यवसायी र मालपोत नापी कार्यालय दुवैको व्यवस्थापनमा सम्पन्न भएको थियो।

## नयाँ वर्ष मनाउन म्याग्दी र मुस्ताङका पर्यटकीय क्षेत्रमा भीड

**रासस**
**गलेश्वर, १ बैशाख**

नयाँ वर्ष २०७९ को पहिलो दिन। म्याग्दी र मुस्ताङका पर्यटकीय तथा धार्मिकस्थलमा बुधबारदेखि नै आन्तरिक तथा बाह्य पर्यटक र भक्तजनको भीड लागेको छ।

नयाँ वर्ष मनाउनका लागि देशका विभिन्न ठाउँबाट आन्तरिक पर्यटक म्याग्दीका घोडेपानी, पुनहिल, तातोपानी र मुस्ताङको मुक्तिनाथ, जोमसोम, कागबेनीलगायतका क्षेत्रमा आएका छन्। मन्दिर र देवालयको दर्शन गर्न तथा कालीगण्डकीमा स्नान गर्न जानेको पनि घुइँचो छ। नयाँ वर्षको सुरुआतसँगै म्याग्दीका पर्यटकीय क्षेत्र आन्तरिक पर्यटकले खचाखच भरिन थालेका छन् भने मन्दिर, देवालय र शक्तिपीठमा भक्तजनको घुइँचो लाग्न थालेको छ।

पाहुनाका कारण म्याग्दीको सदरमुकाम बेनी बजारका होटल खचाखच भरिएका छन् भने सडकमा सार्वजनिक र निजी यातायातका साधन बिहानैदेखि बाक्लै गुडेका बेनीको प्रवेशनाका कालीपुलस्थित ट्राफिक प्रहरीले जनाएको छ। बुधबार रातिसम्म बेनीमा भित्रिएका दुई हजार बढी आन्तरिक र बाह्य पर्यटक आज बिहानै मुस्ताङको मुक्तिनाथ र म्याग्दीका पर्यटकीयस्थल टोड्के, भुरुङ तातोपानी, रुप्से झरनालगायत क्षेत्रतर्फ लागेका छन्। त्यसैगरी नयाँ वर्षको पहिलो दिन म्याग्दीको पर्यटकीय स्थल पुनहिलबाट सूर्योदयको अवलोकन गर्न एक हजारभन्दा बढी पर्यटक बुधबार नै घोडेपानी पुगिसकेका

बाँकी अन्तिम पृष्ठमा ▶▶



# नेपाली काग्रेस बैदामको प्रचारप्रसार सम्पर्क कार्यलय स्थापना

**पोखरापत्र संवाददाता**
**पोखरा, १ बैशाख**

पोखरा महानगर पालिका वडा न ६ बैदाम इकाई को प्रचारप्रसार सर्म्पक कार्यलयको स्थापना गरिएको छ।

यहि बैशाख ३० गते आउँदै गरेको स्थानिय चुनाबलाई मध्यनजर गर्दै बैदाम डिहिको पाटनमा सर्म्पक कार्यलय स्थापना गरिएको हो। कार्यलय स्थापना सगै नव बर्ष २०७९को पावन अबसरमा शुभकामना आदानप्रदान गरिएको थियो।

नेपाली काग्रेसका केन्द्रिय सदस्य प्रदिप पौडेले विहिबार एक विशेष समारोहविच कार्यलयको उद्घाटन गरेका छन। उद्घाटन समारोहमा बोल्दै सदस्य पौडेलले नेपाली काग्रेसले लेख्ने घोषण पत्र दलित, महिला, उतपिडित जनजाति, युवा र पर्यटन ब्यवसायिहरु सित छलफल गरेर ल्याउनु पर्ने बताए। बैदाम क्षेत्र नेपालकै पर्यटकीए क्षेत्र भएकोले पर्यटन मैत्री



घोषणपत्र हुनु पर्नेमा जोड दिए। उनले नेपालको सामाजिक, राजनैतिक र आर्थिक विकासका लागि नेपाली काग्रेसका उम्मेदबारहरुलाई जिताउन आग्रह गरे। समुन्त नेपाल बनाउनका लागि पनि नेपालमा नेपाली काग्रेसको आवश्यकता रहको सुनाउदै आउने स्थानिय, प्रदेश र संघको चुनाबमा नेपाली काग्रेसले जित्नै पर्ने बताए। युवा नेता पौडेलले स्थानिय चुनाबमा स्थानिए जनताले रुचाएको लोकप्रिय मान्छेले चुनाबमा उम्मेदबार हुन आग्रह गरे। नेपाली काग्रेस कास्कीका निर्वतमान सभापति कृष्ण के.सीले नेपालका कम्युनिष्टहरुले देशको विकास निर्माण समेत राजनीति गर्ने गरेको बताए। समुन्त नेपाल निर्माणका लागि आगामी बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा नेपाली काँग्रेसको प्यानललाई विजयी गराउन जोड दिए।

पोखरा महानगर पालिका वडा न ६का वडा अध्यक्ष जगत बहादुर पहारीले आफ्नो कार्यकालमा वडाको विकास निर्माणका लागि महत्वपूर्ण योगदान गरेको बताए। संघ, प्रदेश र महानगरमा आफ्नो अनु कुल सरकार नहुदा आफुले भने जस्तो काम गर्ने नपाएको गुनासो सुनाए। प्रशानलाई जनमुखी बनाउन जनप्रतिनिधिहरुको महत्वपूर्ण योगदान रहने बताउदै आउने चुनाबमा काग्रेसका जनप्रतिनिधिहरुलाई.जिताउनु पर्ने भन्दै आफ्ना भनाइ राखेका थिए। इकाई सभापति सन्तोष पौडेलले नेपाली कांग्रेसको पहिलो काम कम्यूनिष्टलाई परास्त गराएर स्थानिय चुनावमा वडाको पाचै सिट जित्ने अनि देश र जनताको भावना अनुकुल सेवा गर्नुपर्ने औलाए। आसन्न निर्वाचनमा नेपाली काँग्रेसको विजय सुनिश्चित गर्न कुनै कसर बाँकी राख्न नहुनेमा जोड दिएका थिए। सभापति पौडेलको सभाअध्यक्षतामा भएको कार्यक्रममा उपसभापति शिवजि कुवँर र सचिब प्रकाश न्यौपाने लगाएतले स्थानिय चुनाबमा नेपाली काग्रेसका उम्मेदबारहरुलाई जिताउन हामी सबै एक जुट भएर अगाडि बढेमा विजय सुनिश्चित रहेको बताए।

# हेम्जा युनाईटेड बन्यो 'कास्की लिग च्याम्पियन'

**पोखरापत्र संवाददाता**
**पोखरा, १ बैशाख**

अखिल नेपाल फुटबल संघ (एन्फा) कास्कीको आयोजनामा सम्पन्न सावित्री निर्माण सेवा कास्की लिगकम नकआउट फुटबल प्रतियोगितामा हेम्जा युनाईटेड क्लब च्याम्पियन बनेको छ।

पोखरा रंगशालामा बिहीबार भएको फाईनल खेलमा शितल ज्योती युवा क्लबलाई टाइब्रेकरमा ३-० गोल अन्तरले हराउँदै युनाईटेड क्लब च्याम्पियन बनेको हो। ४-४ गोलको बराबरीमा निर्धारित समय सकिएपछि खेल टाइब्रेकरमा धकेलिएको थियो। यसअघि खेलमा शितलज्योतीको तर्फबाट लिले गुरुङ, प्रतिक गुरुङले समान १ गोल गरेका थिए भने शहिल गुरुङले २ गोलको योगदान



दिएका थिए।

यता च्याम्पियन बनेको युनाईटेड क्लबका लागि विशाल बिक, सागर कुँवर र मनिष थापा मगरले समान १ गोल गरेका थिए। भने शितलज्योतीको तर्फबाट १ आत्मघाती गोल भएको थियो। उपाधि जितेको युनाईटेड क्लबले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित नगद रु ७५ हजार प्राप्त गर्यो। त्यसैगरी उपविजेता बनेको शितलज्योतीलाई शिल्ड, मेडल तथा प्रमाणपत्र सहित नगद रु ५० हजार प्रदान गरेको खेल संयोजक नर प्रसाद गुरुङले जानकारी दिए। उनका अनुसार उक्त प्रतियोगिताबाट हेम्जा युनाईटेडका सन्तोष विक सर्वोत्कृष्ट खेलाडी घोषित भए।

त्यसैगरी सोही क्लबकै सुरेश विक उत्कृष्ट गोलरक्षक, शितलज्योतीका सरोज विक उत्कृष्ट डिफेण्डर, सोही क्लबकै लिले गुरुङ उत्कृष्ट मिडफिल्डर र शितलज्योतीकै प्रतिक गुरुङ उत्कृष्ट फरवार्डका रुपमा ट्रफीद्वारा पुरस्कृत भए। एन्फा कास्कीका अध्यक्ष मिलन गुरुङका अनुसार विजेता टोलीले पोखरामा हुने दोस्रो संस्करणको गण्डकी प्रदेश स्तरीय मुख्यमन्त्री कप फुटबल प्रतियोगितामा सिधै भाग लिन पाउने छ। एन्फा कास्कीमा दर्ता रहेका जिल्लाभरका कुल २२ टिमको सहभागिता रहेको थियो। उक्त लिग गत २१ गतेदेखि पोखरा २५ हेम्जास्थित गौरीशंकर खेलमैदान र पोखरा रङ्गशालाको वैकल्पिक खेल मैदानमा सञ्चालन गरिएको थियो।

# नयाँ वर्ष...

घोडेपानीका होटल व्यवसायीले बताएका छन्। स्थलमार्गबाट मुस्ताङ जाने पर्यटकका लागि बेनी प्रवेशद्वारसमेत भएको हुनाले मुस्ताङ जाने पर्यटकको भीड बेनीमा देख्न सकिन्छ।

घोडेपानी टोल सुधार समितिका संयोजक विरेन गर्बुजाका अनुसार नयाँ वर्ष मनाउन देशका विभिन्न ठाउँबाट अघिल्लो दिनदेखि नै घोडेपानीमा आन्तरिक पर्यटकको बाक्लो उपस्थिति रहेको छ। घोडेपानीमा बास बसेका पर्यटक अहिले बिहानै पुनहिलतिर उकालो चडिरहेका गर्बुजाले जानकारी दिनुभयो। चितवनको भरतपुर उपमहानगरपालिका-२ क्षेत्रपुरबाट घोडेपानी भ्रमणमा आउनुभएका चिरञ्जीवी पौडेल, रक्षा पौडेलसहित उहाँको समूहका १२ जना युवायुवतीले पाँच दिनसम्म म्याग्दी र मुस्ताङका पर्यटकीय तथा धार्मिक क्षेत्रको भ्रमण गर्ने र नयाँ वर्ष यहीँ मनाउने योजना रहेको सुनाउनुभयो। केही दिनयता बेनीमा आन्तरिक पर्यटकको आगमन साविकको भन्दा उल्लेख्यरुपमा बढेको बेनीका होटल व्यवसायीले बताएका छन्। चैत अन्तिम सातादेखि म्याग्दीका अधिकांश ठूला होटल भरिभराउ भएको होटल व्यवसायी सङ्घका अध्यक्ष बाबुराम आचार्यले जानकारी दिनुभयो। पहिला नेपाली र भारतीय पर्यटकको रोजाइ बनेको मुक्तिनाथ मन्दिर सोझै गएर फर्कने चलन थियो, तर पछिल्ला वर्षमा मुक्तिनाथ पुगेका पर्यटक बेनी, बागलुङ कालिका र पञ्चकोटमा समेत पुग्ने गरेकाले यस क्षेत्रको पर्यटकीय विकासमा थप सहयोग पुगेको उहाँको भनाइ थियो।



भद्रकाली मन्दिरमा भिडः नयाँ वर्षको पहिलो दिन बिहीबार पोखराको तालबाराही, बिन्ध्यवासिनी र भद्रकाली मन्दिर लगायतका विभिन्न मन्दिरहरूमा दिनभर दर्शनार्थीहरूको भिड लागेको छ। पोखरा महानगरपालिका वडा नं १२ र १३ स्थित भद्रकाली मन्दिरमा दर्शन गर्नाले मनोकांक्षा पूरा हुने धार्मिक विश्वासका साथ कास्की सहित छिमेकी जिल्लाहरूबाट पनि दर्शनार्थीहरू भद्रकाली मन्दिरमा दर्शन गर्न आएका भद्रकाली मन्दिर व्यवस्थापन समितिका अध्यक्ष योगेन्द्रमान श्रेष्ठले पोखरापत्रलाइ बताए।

# युनाईटेड क्लवको वार्षिकोत्सव, साताब्यापी कार्यक्रम शुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १ बैशाख**

युनाईटेड क्लवको १२ औ वार्षिकोत्सवको अवसर पारी क्लवले साताब्यापी कार्यक्रम शुरु गरेको छ।

सामाजिक काममा अग्रणी स्थानमा रही स्थापना कालदेखी स्वास्थ्य, शिक्षा, खेलकुद, पर्यटन प्रवर्द्धनका लागी खुल्ला चिडियाखाना निर्माण, सेती नदी संरक्षण र विपद व्यवस्थापनमा काम गर्दै आइरहेको क्लवले आफ्नो १२ औ वार्षिकोत्सवको अवसर पारी साताब्यापी कार्यक्रमको आयोजना गरेको हो। साताब्यापी कार्यक्रम अन्तर्गत पहिलो दिन विहीबार पोखरा १८ सराङ्कोटमा रहेको बाल सुधार गृहमा खाद्यान्न वितरण गरेको हो। उक्त अवसरमा वोल्दै युनाईटेड क्लवका संस्थापक अध्यक्ष हिमाल बख्रेलले युनाईटेड क्लवले स्थापना कालदेखीनै पोखरा महोत्सवको आयोजना गरी सामाजिक काम गर्दै १२ औं



वार्षिकोत्सवको संघारमा आइपुग्दा निकै खुसी लागेको वताए। युनाईटेड क्लवको समाजिक कामबाट विभिन्न संघ संस्थाहरु प्रभावित वनेको र आगामी दिनमा युनाईटेड क्लवले अझै वृहत रुपमा सामाजिक कामलाई जोड दिएर अगाडी लैजाने वताए। सो अवसरमा वोल्दै बाल सुधार गृहका इन्चार्ज रमा शर्माले समाजिक काममा अग्रणी स्थानमा रहेको युनाईटेड क्लवले आफुहरुको संस्थामा खाद्यान्न सहयोग गरेकोमा धन्यवाद ब्यक्त गर्दै आगामी दिनमा युनाईटेड क्लवको सामाजिक कामको उत्तर उत्तर प्रगतिको समेत कामना गरिन। युनाईटेड क्लवका अध्यक्ष राजु श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा क्लवका द्धितिय उपाध्यक्ष गणेश तिमिल्सिनाले स्वागत मन्तब्य ब्यक्त गरेका थिएभने क्लवका सदस्य तथा कार्यक्रम संयोजक चन्द्रकला पराजुलीले धन्यवाद मन्तब्य राखेकी थिइन। कार्यक्रमको सञ्चालन क्लवका महासचिव शान्ता बहादुर थापाले गरेका थिए।

# भेट्रान्स ह्याण्डवल प्रतियोगिताको उपाधि फाइव जि.आर.लाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १ बैशाख**

पोखरामा सम्पन्न भएको पुरुष भेट्रान्स ह्याण्डवल प्रतियोगिताको उपाधि फाइव जि.आर.को टिमले जितेको छ।

पोखरा रंगशालामा बुधबार सम्पन्न भएको फाइनल खेलमा फाइव जि.आर.को टोलीले आयोजक मध्यको एक कास्की जिल्ला ह्याण्डवल संघलाई १७ का बिरुद्ध २१ गोल गरी उपाधि सहित नगद १० हजार साथमा ट्रफि मेडल प्रमाण पत्र प्राप्त गरेको हो। उपविजेता भएको संघले भने ५ हजारको साथमा ट्रफि मेडल प्रमाण पत्र प्राप्त गर्यो। प्रतियोगितामा फाइवरको तर्फबाट गोविन पुनले ८ गोलको योगदान दिदा संघका इश्वर थापाको १० गोलको योगदान दिदा पनि टिमले जित्न भने सकेन्।

दील बहादुर गुरुङको कप्तानीमा मैदानमा उर्त्रिएको फाइवर बिरुद्धको खेलमा पूर्व राष्ट्रिय खेलाडी राम गुरुङको कप्तानीमा मैदानमा उर्त्रिए पनि उनको अघिल्लो खेलबाटै खुट्टामा चोट लागेको कारण फाइनल खेलमा मैदानमा छिर्न सकेनन्। प्रतियोगितामा उत्कृष्ट खेलाडी फाइव जि.आर.का पम्प बहादुर पुन, उत्कृष्ट गोलरक्षकमा बिष्णु काजी गुरुङ र ज्येष्ठ खेलाडी पनि फाइव जि.आर.कै ६८ बर्षीय विरबहादुर गुरुङ घोषित भएको संघका अध्यक्ष चित्र बहादुर थापाले बताए। कास्की जिल्ला ह्याण्डवल संघ तथा भारतिय भूपू सैनिक गोर्खा ब्रिगेड नेपाल (पोखरा) संघको संयुक्त आयोजनामा पोखरामा चैत २८ गते सुरु भएको प्रतियोगितामा ५ टिमको सहभागिता रहेको अध्यक्ष थापाले बताए।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।
- पल क्लिथेरोई

## सम्पादकीय

# इन्धनको असहजले वन जोगाउन गाह्रो

हरियो वन नेपालको धन भन्ने उखान निकै प्रचलित थियो । वर्तमान समयमा उखान परिवर्तन हुन पुगेको देखिन्छ । हरियो बनसँग हाम्रो जीवनयापन जोडिएको थियो । इन्धनका लागि दाउरा, पशुपालनका लागि घाँसपात र चरन क्षेत्र तथा निर्माण सामग्रीका रूपमा काठ उपयोगमा आउँथ्यो । तर त्यो हरियो वन तस्करको धन वन्न पुगेकोले सवैलाई चिन्ता पारिरहेको थियो । देशैभर सामुदायिक वन तथा सरकारी वनहरु विनाश तर्फ उन्मूख देखिएको अवस्थामा बाटो बनाउने र सामुहीक भवन वहानामा पनि वन मासिदै गएको छ भने उतातिर इन्धन महङ्गीदै जानु साथमा सहज नपाइनुले समस्या झन बढ्दै गएको छ । ग्रामिणमा कुना कुना वाटो खुलेसँगै ग्याँस र मट्टितेलको प्रयोग बढेको छ ।

इन्धन कम आएत हुन थालेपछि बैकल्पिक रुपमा दाउरा अधिकांस जनताले विहान वेलुका प्रयोग गर्न थालेपछि जनजीवन कष्टकर बन्द गएको छ । वन अतिक्रमण बढ्दै जानु, वन पैदावारको चोरी निकासी, वन्यजन्तुको अवैध शिकार तथा व्यापार, नदी कटान, भू-क्षय र वन डढेलो जस्ता समस्याले दिनप्रतिदिन वनको विनास हुँदै गएको सवैलाई प्रष्ट छ । यसरी इन्धनमा असहज र वेरोजगारी बढ्दै जानाले के गाउँ के शहर आफ्ना घरवरिपरि रहेका वन जंगल फडानी गर्नु वाहेक अरु विकल्प रहेन । किनभने धेरैजसो नेपालीले स्टक राखेका इन्धन र सिलिण्डर पनि रित्तिदै गइसके । केही दिन अघिदेखी उपभोक्ताहरु लाईन कुर्दै इन्धन भर्नुपर्ने र सिलिण्डरलाइ तीन चारदिन कुर्न पर्ने अवस्था आइसकेको छ ।

ग्याँस अभाव हुने थालेपछि विकल्पको रुपमा दाउरामा नै छाक टार्नु पर्ने हुन्छ । हामीले केही वर्ष पहिले नकावन्दमा हरेक गाउँ गाउँमा पुगी गाडी रिर्जभ गररे ट्रकका ट्रक दाउरा शहर आउन थालेपछि सामुदायिक बन उपभोक्त समितिका सदस्यहरुलाई बन सिद्धिन्छ कि भनि चिन्तामा डुवेका थिए । सामुदायिक वन लागू भएपछि केही वनहरुमा अत्यन्तै राम्रोसँग बिरुवा रोपेर संरक्षण गरिएको भए पनि कतिपय वनचाहिं तस्करहरुलाई कमाउने भाँडो बनेका हामीले सुन्ने गरेको पाइन्छ । वनको संरक्षण गर्न देशमा देखिएको विषम अवस्थालाई सम्वन्धित तथा सरोकारवालाहरुले छिटो भन्दा छिटो समाधान गर्न पहली कदम चाल्नु पर्छ । सम्वन्धित स्थानमा पनि मिलोमतोका कारण जंगलबाट तस्करी हुने काठको नियन्त्रणमा स्थानीय वन प्रशासनले खासै चासो नदेखाए पनि आफनो र आफ्नो सन्ततिले ढुक्कसँग बस्न पाउनको लागि स्थानीयहरुले तस्करहरुलाई रोक्न सक्नु पर्छ । वडा तथा जिल्लाका प्रमुखले जनतालाई आवश्कता अनुसारको मागा फारम भरी सिफारीसका अधारमा दाउरा काट्ने नियम वसाल्नु पर्छ ।

सामुदायिक वनहरुका पनि आफ्नै परिधि छन् । ती परिधिलाई उल्लंघन नगरी काम गर्ने हो भने भोलिका सन्ततिका लागि समेत हामीले वन-जंगल जोगाउन सक्ने छौ । तर सामुदायिक वन उपभोक्ता समूहका कार्यसमितिमा रहेकाहरुले नै त्यसतर्फ ध्यान नदिई तस्करीलाई सेवा-टेवा पुर्‍याई लाभ लिंदा वन विनाश हुँदै देखिन्छ । वन विनाश रोक्नको लागि सवैले व्यत्तिगत स्वार्थ नहेरी समाज र राष्ट्रलाई हेरेर कार्य गुर्न पर्छ । साथै हरियो वन नेपालको धन भन्ने वास्तविकतालाई चरितार्थ गर्न सरकारले छिटो भन्दा छिटो इन्धन सहज बनाउनु जरुरी छ ।



## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : मानसिक तनाब |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : आर्थिक समस्या | मकर | : ब्यापारमा लाभ |
| सिंह | : मन चञ्चल | कुम्भ | : झमेला बड्ने |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।


# संस्कृतिको जगेर्ना गर्दै आँधीखोला गाउँपालिका

पोखरापत्र संवाददाता
स्याङ्जा, १ बैशाख



लोप हुँदै गइरहेको परम्परागत र मौलिक नेपाली पञ्चेबाजा संरक्षणका लागि स्याङ्जाको आँधीखोला गाउँपालिकाले पालिकाका ६ वटै वडाका ८ वटा बाजा समूहलाई पञ्चेबाजा वितरण गरेको छ ।

विभिन्न शुभ कार्यहरुमा शुभ साइतका रुपमा लिइने बाजालाई लोप हुन नदिन पञ्चेबाजा संरक्षणका लागि चालु आर्थिक वर्षमा विनियोजन गरेको बजेटबाट पञ्चेबाजा बजाउन सक्रिय दलित समुदायलाई पञ्चेबाजाको दुईवटा नरसिंह, दुई वटा सनही, दुईवटा दमाहा, एउटा ढोलकी, एउटा ट्याम्को र एउटा झ्याली वितरण गरेको गाउँपालिका अध्यक्ष सुधिर कुमार पौडेलले जानकारी दिए । पञ्चेबाजाको धूनले पर्यटकलाई आकर्षण गर्ने र यसवाट आयआर्जनमा सहयोग पुग्ने अपेक्षा सहित वाजा वितरण गरिएको अध्यक्ष पौडेलले बताए ।

पौडेलले धर्म, भाषा, संस्कार र संस्कृतिको सबैले संरक्षण गर्नुपर्नेमा जोड दिए । धर्म-संस्कृति र संस्कारको संरक्षण र प्रवर्द्धन नेपालको संविधान २०७२ मा मौलिक हकको रुपमा सूनिश्चित गरेको उनले बताए । 'संविधानले मौलिक हकमा सुनिश्चित गर्दैमा आफ्नो धर्म, भाषा, संस्कार र संस्कृतिको संरक्षण हुन्छ होइन' उनले भने-'त्यसको संरक्षण र प्रवर्द्धनमा तपाई हामी सबै एकजुट भएर लाग्न जरुरी छ ।' आफ्नो धर्म-संस्कृति र संस्कार हुँदाहुँदै बाहिरी धर्म-संस्कृति र संस्कारको प्रभाव बढिरहेको भन्दै उनले चिन्ता प्रकट गरे । नयाँ पुस्तालाई आफ्नो धर्म, भाषा, संस्कार र संस्कृति हस्तान्तरण गर्न आवश्यक रहेको बताउँदै अर्को जाती तथा समूदायको संस्कार र संस्कृतिलाई पनि सम्मान गर्नु पर्नेमा उनले जोड दिए । 'अधिकार पाएनौं भनेर मात्र हुँदैन' उनले थप्दै भने-'पाएको अधिकारलाई सही सदुपयोग गर्न सक्नु पर्छ ।' सबै जातजातीको भाषा अध्ययन गर्न पाउने व्यवस्था संविधानमै उल्लेख रहेको र त्यसलाई व्यवहारमा कार्यान्वयन गर्न सबै समूदाय लाग्नु पर्ने उनको भनाई छ । भाषा र संस्कारका बारेमा आफ्ना छोराछोरीलाई सिकाउन आवश्यक रहेको उनले बताए । ' धर्म, भाषा, संस्कार र संस्कृतिका बारेमा भाषण गरेरमात्र हुँदैन' उनले भने -'संविधानमा उल्लेख भएका अधिकारहरुलाई ब्यवहारमा ल्याउँदा धेरै विकास हुन सक्छ ।'

करीब ८ लाख रुपैयाँ लागतमा खरिद गरिएका बाजा विभिन्न वडामा रहेका पञ्चेबाजा समूहलाई हस्तान्तरण गरिएको हो । सिरुवारी बाजा समूह आँधीखोला १, माझकटेरी बाजा समूह आँधीखोला १, उखुवारी बाजा समूह आँधीखोला २, मडुवा नौमति बाजा समूह आधीखोला २, पाख्रीबोट बाजा समूह आँधीखोला ३, पंचासे बाजा समूह आँधीखोला ४, सेपत बाजा समूह आँधीखोला ४, अरिंगाले बाजा समूह आँधीखोला ५ लाई बाजा उपलब्ध गराइएको हो । अरिंगाले बाजा समूह आँधीखोला ५ का अध्यक्ष ठाकुर परियारले वर्षौं पहिले खरिद गरेका बाजालाई मर्मत गरेर चलाउने गरिएको र नयाँ बाजा महँगो पर्ने भएकाले धेरै बाजा समूहले किन्न नसक्ने अवस्था रहेकोमा पालिकाले बाजा दिएपछि धेरै राहत भएको बताए ।

कार्यक्रममा बाजा वितरणसँगै प्रथम कार्यकालमा सम्पादित कार्यहरुको संगालो स्वेतपत्र बिमोचन तथा सार्वजनिकीकरण, विद्यालय स्वच्छ खानेपानी कार्यक्रम अन्तर्गत सम्पूर्ण विद्यार्थीहरुको लागि युरोगार्ड र पानी ट्यांकी हस्तान्तरण साथै गरीब तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति वितरण गरिएको गाउँपालिकाका सूचना प्रविधी अधिकृत रोशन लामिछानेले बताए ।

# देवशिल्पी सहकारीको शुभकामना आदनप्रदान कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, १ बैशाख



देवशिल्पी बचत तथा ऋण सहकारी सँस्था लिमिटेडको नव वर्ष २०७९ को अवसरमा प्रकाशित क्यालेन्डर विमोचन,व्यक्तित्व सम्मान तथा शुभकामना आदन प्रदान कार्यक्रम पोखरा महानगर पालिका सहकारी बिभाग प्रमुख तेज नारायण अधिकारीको प्रमुख आतिथ्यतामा सहकारीको सभाहलमा सम्पन्न भयो ।

उक्त कार्यक्रममा संस्थापकका रुपमा लामो समय सस्थाका विभिन्न पदमा रहि सल्लाहकार ओम प्रसाद सुनारलाई सम्मान गरिएको थियो। प्रमुख अतिथि ले आफु सहकारीमा लामो समय देखि लागेको हुदा सहकारी बाट नै आर्थिक समृद्धि प्राप्त गरि समृद्ध राष्ट्र निर्माणमा सहयोग पुऱ्याउन सकिन्छ । सहकारी का संचालक हरुले सधै सदस्यको लगानी र सदस्यलाई दिने सेवाको बारेमा ध्यान दिन जरुरी छ । पैसाको किन बेच त बैकहरुले गर्छन।हामीले त सेवाका लागि सहकारी खोलिएको हो र वास्तविक सदस्यले सेवा पाउनुपर्छ। हामी अहिले एक सहकारी एक उत्पादन को अवधारणा लिई अगाडि बढेका छौं।यस्तो अबस्थामा तपाईंको सहकारी शिल्पकारीहरुको सहकारी भएको हुदा उत्पादनमा अगाडि बढ्दा झनै राम्रो हुन्छ र उत्पादनमा जाने सहकारीलाई महानगर ले सहयोग गर्ने छ । बचत तथा ऋण भएको ले कर्जा प्रदान हुन्छ नै तर ऋण लगेर नतिर्ने लाई कानुनले छोड्दैन।जन्ताको धन र बचत को सुरक्षा अति आवश्यक छायो बिस्वास सदस्यलाई हुन जरुरी छाहामी सहकारी को माध्यमबाट समाज परिवर्तन गर्न लागि परेका छौ।हिजो पछाडि परेको समुदायका व्यक्तिलाई आर्थिक रुपमा सबल बनाउने माध्यम नै सहकारी हो निरन्तर लाग्न प्रेरणा यो नयाँ वर्षले प्रदान गरोस शुभकामना दिन चाहन्छु भन्नुभयो । घरदैलो बचत तथा ऋण सहकारीका अध्यक्ष कमल बस्नेत ले बर्तमान समयमा सहकारीको महत्त्व ठुलो छ,सदस्यको आर्थिक स्तर त उकास्न सक्छौ नै सहकारीको माध्यमबाट सामाजिक सेवा पनि गर्न सक्छौं युवा पिढिलाई सहकारी शिक्षा दिई अगाडि वढाउन सके समृद्धि नजिक रहेको धारणा राख्नुभयो।कार्यक्रममा बिश्वकर्मा समाजका कार्यवाहक अध्यक्ष रन बहादुर विश्वकर्माले सहकारी निरन्तर प्रगति उन्मुख रहेको र आगमी दिनमा अझै सफलता मिलोस शुभकामना र आफुले सक्दो सहयोग गर्ने बताउनु भयो ।

कार्यक्रममा पर्व अध्यक्ष ऋषिराम विश्वकर्मा, निवर्तमान अध्यक्ष बम बहादुर विश्वकर्मा मन्तब्य सहित शुभकामना व्यक्त गर्नु भएको थियो ।कार्यक्रममा अध्यक्ष चन्द्रकिशोर गौतमले हिजो विभिन्न कारणले सहकारीमा आवद्द हुन नसकेका समुदाय लाई समेटेर एकता बद्दगरि छरिएर रहेका सदस्य र समुदायको उन्नति र प्रगति मा सदैब अगाडि बढी रहेको अबस्थामा कोविड ज्ञढ का कारणले चाहेजति सेवा सुबिधा दिन नसके पनि आगामी दिनमा प्रतिफल दिन लागि परेका छौ सबै शेयर सदस्य संचालक समिति अन्य समिति उपसमिति शुभ चिन्तक सबैले यसै सहकारी मार्फत आर्थिक कारोवार गर्न अनुरोध गर्दछु । सबैका लागि एक हौं हामी संघर्षको मैदानमा छौँ एक चौतर्फी बिकास भएको सहकारी बनाउन र छुटेका सबैलाई आवद्ध गराउन त्यसैले सबै को सहयोग को अपेक्षा सहित नयाँ वर्षको शुभकामना व्यक्त गर्दछु । लेखा समिति संयोजक जौमाया बिश्वकर्माले सहकार्यका सात सिद्धान्त पाठ गरि महिलाको पनि समाज परिवर्तनमा महत्त्वपूर्ण भुमिका छ र यश सहकारीमा धेरै महिला सदस्य रहेको बताउनु भयो । क्यालेन्डर प्रकाशन समितिका संयोजक बेल बहादुर बिश्वकर्माले शुभकामना बिज्ञापन दिने सबैलाई धन्यवाद दिनुभयो। आजको कार्यक्रममा नयाँ १५ जना शेयर सदस्य ले सहकारीको सदस्य लिई १० लाख शेयर रकम संकलन भएको कोषाध्क्ष कमल सुनार गदालले जानकारी दिनुभएको थियो । छोटो समयमा आयोजना गरिएको कार्यक्रममा उपस्थित प्रमुख अतिथि बिशिस्ट अतिथि अन्य अतिथि सबै समिति शेयर सदस्य र नयाँ शेयर सदस्यलाई धन्यवाद प्रकट गर्दै उपाध्यक्ष खडक बहादुर सुनारले आगामी दिनमा तपाईं हरुको यस्तै सहयोगको अपेक्षा राख्दै धन्यवाद ज्ञापन गर्नु भएको थियो । सहकारीको सदस्य भई कार्यक्रममा ईन्सुरेन्स कंपनिमा राम्रो कार्य गरेवापत चौतर्फी उर्जावान सदस्य खिमलाल बराईलीलाई मायाको चिनो सहित सम्मन गरिएको थियो । कार्यक्रम संचालन सचिव टंक बहादुर सुनारले संचालन गर्नुभएको थियो ।

# हर्षोल्लासपूर्वक मनाइयो नयाँ वर्षको पहिलो दिन

रासस
काठमाडौं, १ बैशाख

विक्रम संवत् २०७९ वैशाख १ गते बिहीबार नयाँ वर्षको पहिलो दिन नेपालभर एकआपसमा शुभकामना आदानप्रदान गरी मनाइएको छ ।

वर्षको पहिलो दिन धेरै मानिस मठमन्दिरमा गई पूजा आराधना गरेका छन् । आज सूर्यले मीन राशिको भोग समाप्त गरी मेष राशिबाट भोग सुरु गर्ने दिन, वैशाख सङ्क्रान्ति अर्थात् मेष सङ्क्रान्ति तथा वर्षको जेठो दिनका रुपमा मनाइने प्राचीन परम्परा छ ।

हरेक व्यक्तिले आज गत वर्ष गरेका कामको सफलता/असफलता मूल्याङ्कन गरी असफलता दोहोरिन नदिने र सफलता प्राप्त गर्न योजना निर्माण एवं सङ्कल्प गरेका छन् । आज बिहानै नुहाउने, घरकोठा-आँगन सफा गर्ने, मीठोमीठो खाने, साथीसङ्गति तथा इष्टमित्रसँग सामाजिक सञ्जाल वा फोन सम्पर्कबाट भेटघाट गरी एकापसमा शुभकामना व्यक्त गरी नयाँ वर्ष मनाइएको छ । विश्वका जुनसुकै कुनामा बस्ने नेपालीले वैशाख १ गतेलाई नयाँ वर्षका रुपमा मनाउँछन् । साथीभाई एवं इष्टमित्रसँग भेटघाट गरेर मनाउनेको लर्को सडकमा देखिन्थ्यो ।

मठ, मन्दिर, उद्यान, स्मारक जस्ता स्थलमा सामूहिक वनभोज गरी नयाँ वर्ष मनाएको दृश्य पनि देखिन्थ्यो । कोरोनाको जोखिमका कारण विसं २०७७ र २०७८ राम्रोसँग मनाउन नपाएका मानिस विभिन्न मठ, मन्दिर, उद्यानलगायत स्थलमा हिँडेको देखिन्थ्यो ।

सूर्यको गतिसँग चल्ने भएकाले विक्रम संवत् शाश्वत भएको राष्ट्रिय धर्मसभाका अध्यक्ष प्रा डा माधव भट्टराई बताउनुहुन्छ । सूर्य मेष राशिमा प्रवेश गर्दा सुरु भएर मीन राशि छोड्दा यो संवत्को पुरानो वर्ष सकिएर नयाँ वर्ष सुरु हुने भएकाले वैज्ञानिक रहेको विद्वानहरुको भनाइ छ । सौरमान र चान्द्रमानको समन्वय पनि विक्रम संवत्मा भएको छ । कलियुग सुरु भएको तीन हजार ४४ वर्षपछि विक्रम संवत् सुरु भएको हो ।

# घुम्ती शौचालय सेवा

पोखरापत्र संवाददाता
तनहुँ, १ बैशाख

व्यास नगरपालिका कार्यालय तनहुँले पहिलो पटक घुम्ती शौचालय सञ्चालनमा ल्याउने तयारी गरेको छ । सदरमुकाम दमौलीको भोर्लेटार चोक क्षेत्रमा सो शौचालय राखिनेछ ।

उक्त चोकबाट लमजुङ जिल्ला जाने आउने, जिल्लाको दक्षिण पूर्वी बुद्धसिंह मार्ग हुँदै सवारी आवतजावत हुँदा मानिसको चहलपहल हुने भएकोले उक्त ठाउँमा सो शौचालय राखिने नगरपालिकाले जनाएको छ । महिला र पुरुषले छुट्टाछुट्टै प्रयोग गर्न मिल्ने गरी दुई वटा कोठाको शौचालयमा रहेको छ । त्यसक्षेत्रमा एउटा पनि सार्वजनिक शौचालय नहुँदा सर्वसाधारणले कठिनाइ भोग्नुपरेकाले घुम्ती शौचालय राख्न लागिएको नगरपालिकाका वन, वातावरण तथा सरसफाइ शाखाका प्रमुख कृष्णराज घिमिरेले जानकारी दिनुभयो ।

उक्त शौचालय रु चार लाख ९८ हजारको लागतमा ल्याइएको हो । उहाँले भन्नुभयो, "तत्कालै स्थानीय टोल विकास संस्थासँग समन्वय गरी व्यवस्थित गर्ने योजना बनाएका छौँ ।" घुम्ती सेवा भएकाले आवश्यकताअनुरुप आवश्यक स्थानमा लैजान सकिने उहाँले बताउनुभयो ।

# मनाङमा एटिएम सेवा सञ्चालनमा

रासस
मनाङ, १ बैशाख

नेपालको सबैभन्दा बढी आन्तरिक तथा बाह्य पर्यटक भित्रने मनाङको माथिल्लो क्षेत्रमा एटिएम सेवा सञ्चालनमा आएको छ ।

नयाँ वर्ष २०७९ को सुरुआतसँगै ग्लोबल आइएमई बैंक मनाङ शाखाले पहिलोपटक एटिएम सेवा सञ्चालनमा ल्याएको छ । एटिएम सेवा सञ्चालनमा आएपछि मनाङमा आउने पर्यटकलाई सहज भएको छ । यहाँ आउने पर्यटकलाई सहज बनाउने उद्देश्यले एटिएम सेवा सञ्चालनमा ल्याइएको ग्लोबल आइएमई बैंक मनाङ शाखाका प्रबन्धक सुवासकान्त जोशीले जानकारी दिनुभयो । "मनाङ आउने पर्यटकलाई खल्तीमा पैसा बोक्नुपर्ने समस्या हटाउने उद्देश्यले नै एटिएम सेवा सञ्चालनमा ल्याइएको हो", प्रबन्धक जोशीले भन्नुभयो । यहाँ एटिएम सेवा सञ्चालनमा आएपछि स्थानीयवासीसमेत हर्षित भएका छन् । पर्यटकीय क्षेत्र भए पनि माथिल्लो मनाङमा हालसम्म एटिएम सेवा सञ्चालन भएको थिएन । माथिल्लो मनाङ पुगेका पर्यटकलाई खर्चको अभाव भएपछि फर्केर सदरमुकाम झर्नुपर्ने समस्या टरेको प्रमुख जिल्ला अधिकारी रवीन्द्रप्रसाद आचार्यले बताउनुभयो । "मनाङको मुख्य आयस्रोत नै पर्यटन हो । विविध समस्या हटेपछि अहिले अन्नपूर्ण सर्किटमा आउने पर्यटक बढ्दै गएको छ । एटिएम सेवा सञ्चालनले पर्यटकलाई सहज बनाएको छ", उहाँले भन्नुभयो ।

एटिएम सेवा सञ्चालनले मनाङ आउने पर्यटकलाई सहज भएको पर्यटन व्यवसायी सङ्घ मनाङका अध्यक्ष विनोद गुरुङले बताउनुभयो । "एटिएम सेवाले पैसा बोक्नुपर्ने समस्या हट्यो । पैसा बोकेर मनाङ आउँदा हराउने, चोरी हुने, खर्चको अभावमा यहाँ बस्ने समय छोट्याउनुपर्ने समस्या हटेपछि पर्यटकलाई धेरै सहज हुनेछ", उहाँले भन्नुभयो । लामो समय मनाङ बस्ने योजनासहित आएका पर्यटकलाई पैसाको अभावमा फर्कनुपर्ने बाध्यता हटेको छ । एटिएम सेवाले पैसाको भारी बोक्नुपर्ने अवस्थाको अन्त्य भएको छ । यसअघि जिल्लामा एउटा मात्रै एटिएम सेवा सञ्चालनमा छ । माथिल्लो मनाङमा भने यो एटिएम सेवा पहिलो पटक हो । सदरमुकामभन्दा धेरै पर्यटक रहने क्षेत्र माथिल्लो मनाङमा एटिएम सेवाको आवश्यकता खड्किएको थियो । जिल्लाभर आठवटा बैंक रहेता पनि सदरमुकाममा प्रभु बैंकले एटिएम सेवा सञ्चालनमा ल्याएको छ । अब जिल्लामा दुई बैंकले दुई स्थानमा एटिएम सेवा सञ्चालन गरे पनि अन्य बैंकले हालसम्म एटिएम सेवा सञ्चालन गर्न सकेका छैनन् ।

# 'आयात प्रतिस्थापनको बिकल्प कृषि यान्त्रिकरण'

प्रकाश डोटेल
स्याङ्जा, १ बैशाख

निर्यातको तुलनामा आयात बढ्दै जाँदा देशमा बिदेशी मुद्रा सञ्चिति घट्दै गएपछि अर्थतन्त्रमा नकारात्मक प्रभाबहरु देखिन थालेको छन् । त्यसैको प्रभाबले बैंकहरुमा तरलता अभाब बढ्दै गएको छ भने व्यवसायीले लगानी योग्य रकम पाउन मुश्किल मात्रै छैन्, अत्यावश्यक वस्तुको आयातमा प्रतिबन्धित हुने अवस्था सृजना हुन लागेको छ ।

देशको अर्थतन्त्रमा देखिएको नकारात्मक प्रभावलाई कम गर्न र आयात प्रतिस्थापनको बिकल्प केबल कृषि क्रान्तिबाट मात्रै सम्भब भएको मुक्तिनाथ कृषि कम्पनीका अध्यक्ष भरतराज ढकालले बताएका छन् । आधुनिक युगमा चुनौती पूर्ण बन्दै गएको परम्परागत कृषिलाई यान्त्रिकरण गरेर मात्र आयात प्रतिस्थापन गर्न सकिने अध्यक्ष ढकालले बताएका छन् । मुद्राको अवमूल्यन, विश्वव्यापी मूल्यवृद्धि, तरलता अभाव, रेमिटान्स र पर्यटन क्षेत्रबाट हुने आयमा उच्च गिरावट आउँदा समेत खाद्यान्न, तरकारी, तेल, इन्धनदेखि बहुमूल्यका सामग्री निरन्तर आयात हुनुसँगै देशको विदेशी मुद्रा सञ्चिति घट्नुले अर्थतन्त्र दुर्घटना उन्मुख छ भन्ने देखाएको जिकिर गर्दै अध्यक्ष ढकालले समयमै कृषिको यान्त्रिकरणसँगै उत्पादनमा वृद्धि गर्नुको बिकल्प नरहेको दाबी गरे । संकाटान्मुख अर्थव्यवस्थालाई सहि




लिकमा ल्याउन कृषि क्षेत्रमा लगानी र यान्त्रिकरण बढाएर उत्पादनमा बृद्धि गरेर त्यसको बजारिकणमा सहजता ल्याउने उद्देश्यले देशभरका अगुवा लगानीकर्ताको लगानीमा मुक्तिनाथ कृषि कम्पनी संचालनमा ल्याएको समेत अध्यक्ष ढकालले जानकारी दिए । कृषिमा रोजगारी सृजना गरेर दिगो रुपमा उत्पादन बढाउन सकेमात्रै स्वतः आयात निरुत्साहित हुने निश्चित छ । देशमै उत्पादन हुने र गर्न सकिने कृषिजन्य वस्तुको आयातमा वर्षेनी अरबौं रुपैयाँ बाहिरीएको छ । कृषिको उत्पादन बढाएर वर्षेनी विदेशीने रकमलाई रोक्न सके ४० प्रतिशतको हाराहारीमा कुल ग्राहस्थ उत्पादन (जीडीपी) मा योगदान रहेको कृषिको हिस्सालाई ७० प्रतिशतमा पुऱ्याउनु आवश्यक रहेको ढकालले जिकिर गरे ।

आयातलाई निरुत्साहित गर्नका लागि झण्डै ४० करोड अधिकृति पुँजीको लागतमा काडमाडौंमा स्थापित मुक्तिनाथ कृषि कम्पनीले देशका सातै प्रदेशमा शाखा कार्यालय खोलेर कृषिमा लगानी वृद्धि गर्न थालेको छ । समयानुकुलको विउ, त्यसमा प्रयोग हुने यन्त्र र आवश्यक पर्ने जनशक्ति जुटाउन कम्पनीले लगानी गर्न थालेको छ ।

कम्पनीले जिल्ला जिल्लमा रहेका सहकारी मार्फत कृषकहरुसँग जोडिएर उत्पादन गर्न र त्यसको बजारिकणमा सहजीकरणको काम थालेको छ । कम्पनी मार्फत केहि समयभित्र निर्यात योग्य वस्तु उत्पादन गरेर नेपाललाई कृषिजन्य वस्तु निर्यात गर्ने देश बनाउने लक्ष्य रहेको ढकालले सुनाए ।

पहाडी भु-भागमा मौसमी तथा बेमौसमी तरकारी खेती, सुन्तला, अलौची, कफि र तराई क्षेत्रमा धान, गहुँ, मकै, दलहन र तेलहन खेतीका लागि नर्सरीमा तयार भएका उन्नत जातको विउ लगाउन कृषकलाई आग्रह गरिएको उनले बताए । नर्सरीदेखि उत्पादनसम्म र उत्पादित वस्तुको बिक्रीविरतण तथा बजारिकणमा कम्पनीले सहजीकरण गर्ने ढकालले बताए । कृषि पेशामा रोजगारी हुने जुनसुकै उमेर समूहसँगको सहकार्यमा कम्पनीले माटो परिक्षण गर्ने यन्त्र उपलब्ध गराएर सम्भाबित जमिनमा हुने खेती त्यसको लागत मुल्य निर्धारण कम्पनीले गर्नेछ । उत्पादित वस्तुको बजार मुल्यमा कम्पनी मार्फत खरिद बिक्रीको समेत व्यवस्था गरिने छ ।

"कृषिजन्य उत्पादनमा चुनौती छन् तर हामीले कम्पनीको सहकार्यमा उत्पादित वस्तुको वर्गिकरण गरेर निर्यात योग्य र नेपाललाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउने अभियानमा छौं ।" मुक्तिनाथ विकास बैंकका अध्यक्ष ढकालले भने, "उत्पादन गर्न लाग्ने र खोज्ने कृषकलाई हामी मल, विउ र लगानी गर्ने रकम अभाब हुन् दिन्नौं ।" हाम्रै लगानी, हाम्रै बजार कृषक सुरक्षित उनले भने । आयात हुने वस्तुलाई प्रतिबन्धित हुने अवस्था आउन दिने होईन्, त्यसलाई त हामीले निरुत्साहित गर्न आवश्यक रहेको ढकालको बुझाई छ । आयात हुनु र निर्यात गर्नु दुबै जरुरी हुन्छ भन्ने ढकालले आयातलाई प्रतिस्थापन गर्दै हाम्रो उत्पादनलाई निर्यातमुखी बनाउन लाग्नुपर्ने आवश्यकता औल्याए । निर्यातमुखी उत्पादनमा सरकारले लगानी गरे मुलुक आत्मनिर्भर बन्ने बताउँदै बैंकका संस्थापक प्रमुख कार्यकारी अधिकृत समेत रहेका ढकालले निर्यातमुखी उत्पादनमा सरकारलाई अनुदान बढाउन आग्रह गरे । कृषिजन्य उद्योग दर्ता गरेर कागजात मिलाएकै भरमा पाउने अनुदानलाई रोक लगाएर उत्पादित वस्तुको मात्रा वर्गीकरण गरेर त्यसैको आधारमा अनुदानलाई प्रोत्साहन गर्न उनले सरकारलाई सुझाए । हातमा सिप र मनबाटै जाँगर सृजना गर्न सक्ने जोकोहिलाई पनि अब कृषिमा बिचलन आउन नदिने कम्पनीले अठोट गरेको बताउँदै अध्यक्ष ढकालले कृषिको गुणस्तरीय उत्पादनमा सहकार्य गरेर देशलाई आत्मनिर्भर बनाउँदै अगाडी बढ्न आग्रह गरे । उनले कृषिमा आधारित उत्पादनमा लाग्ने इच्छा भएका व्यक्तिलाई कम्पनीले जस्तोसुकै सहयोग गर्ने प्रतिवद्धता जनाए ।

# झुट्टा सपना काँग्रेसले बाड्दैन : युवा नेता पौडेल

पोखरापत्र संवाददाता
स्याङ्जा, १ बैशाख

नेपाली काँग्रेस केन्द्रीय कार्य समितिले टोल देखि जिल्लातह सम्म चलाएको एक महिने घर–घर जाऔं, काँग्रेस जिताऔं अभियान सम्पन्न गरेको छ । एक महिना सम्म यो अभियान सगै टोल देखि पालिकास्तर सम्म पुगेको नेपाली काँग्रेस स्याङ्जाले समिक्षा सहित पत्रकार सम्मेलन गरेर दोस्रो चरणको अभियानमा प्रवेश गरेको जनाएको छ ।

नेपालकै पहिलो पर्यटकीय गाँउ शिरुवारीमा आयोजना गरिएको पत्रकार सम्मेलनमा नेपाली काँग्रेसका केन्द्रीय सदस्य प्रदिप पौडेलले कम्युनिष्टहरु ले झै काँग्रेसले झुट्टा सपना नबाड्ने बताए । गएको आम निर्वाचनमा कम्युनिष्टहरुले झुट्टा सपना बाडेकै कारण दुईतिहाई मतको सदुपयोग गर्न नसकेको आरोप नेता पौडेलले लगाए । आगामी बैशाख ३० गते हुने स्थानीयतहको निर्वाचनमा नागरिकलाई नसक्ने विकासे योजनाका सपना नबाड्न कार्यकर्तालाई निर्देशन गर्दै युवा नेता पौडेलले सम्भाव्यताको अध्ययन गरी आर्थिक एजेण्डा प्रस्तुत् गर्न आग्रह गरे ।

एक महिने अभियानमा स्याङ्जा बसेका केन्द्रीय सदस्य पौडेलले स्याङ्जा काँग्रेसको साख पुरानै अवस्थामा फर्कने विश्वास व्यक्त



गरे । निर्वाचनमा समय अनुकुल गठबन्धन गर्नुपर्ने आवश्यकता देखिएकाले स्याङ्जामा गठबन्धन गरेर जानुपर्ने वा नजाने निर्णय जिल्ला काँग्रेसकै हातमा रहेको बताए । अंकगणीतीय हिसावमा नेपालका कम्युनिष्टलाई काँग्रेसले जित्न नसकेपनि विचारमा काँग्रेस बिजयी भएको पौडेलले दावी गरे । काँग्रेसले उठाउदै आएको बिचारमा नेपालका कम्युनिष्टहरु समाहित हुदै संसदीय व्यवस्थामा आएकोले काँग्रेसले जितेको उनले बताए ।

बैशाख ३० मा हुन लागेको स्थानीय चुनावका लागि स्याङ्जामा गठबन्धन आवश्यक भएको नेपाली काग्रेस स्याङ्जाका जिल्ला सभापति राजु थापाले बताए । सभापति थापाले स्थानीय चुनावका लागि सरकार संचालन दलहरुसंग गठबन्धन हुने तर काँग्रेसले आफ्नो मतको सदुपयोग गर्दै भागबण्डा हुन सक्ने बताए । गठबन्धनका बिषयमा वडातह देखि पालिकाको सुझाब आएपछि मात्रै तालमेलको टुङ्गो लगाउने सभापति थापाले बताए । जिल्लाका ९७ वडामा टोलविकास समिति गठन, वडातह देखि पालिकाको घोषणपत्रको तयारी र उमेदवारी सिफारीसका कामहरु सकिएको जानकारी सभापति थापाले दिए । पार्टीबाट चुनाबमा जाने उमेदवारको भने काँग्रेसको विद्यान अनुसार टुङ्ग्याइने थापाले बताए । अबको निर्वाचनमा शिक्षा, स्वास्थ्य, कृषि र आवश्यक अनुसार सडक हुदै रोजगारका बिषयहरुलाई मुख्य एजेण्डा प्रस्तुत् गरी जनताको घरदैलोमा जाने उनले बताए ।

दोस्रो चरणको कार्यक्रम चुनावी रणनीतिक अनुसार छिट्टै संचालन हुने नेपाली काँग्रेस स्याङ्जाका प्रवक्ता भरत लम्सालले जानकारी दिए । अब बस्ने जिल्ला कार्य समितिको बैठकले दोस्रो चरणको कार्यक्रम तयगर्ने लम्सालले बताए ।

# स्याङ्जा राम्चेली गडाभाई तमु समाजको शुभकामना आदान

पोखरापत्र संवाददाता
पोखरा, १ बैशाख

राम्चेली गडाभाइ तमु समाज पोखराले नयाँ वर्षको दिन शुभकामना आदानप्रदान तथा भित्तेपात्रो विमोचन गरेको छ ।

स्याङजाको वालिङ नगरपालीका वडानम्बर ३ राम्चे गाँउबाट पोखरा आइ बसोबास गर्नेहरुको साझा संस्था श्री स्याङ्जा राम्चेली गडाभाइ तमु समाज पोखराले स्याङजाको भालुपहाडमा उक्त कार्यक्रम आयोजना गरेको हो । समाजका अध्यक्ष भुपेन गुरुङको अध्यक्षमा सम्पन्न कार्यक्रमका प्रमुख अतिथि तमु प्ये ल्हु संघ गण्डकी प्रदेशका अध्यक्ष ओम गुरुङले नयाँ वर्षको शुभकामना दिदै समाज प्रति सदैव सहयोग रहने प्रतिवद्धता व्यक्त गर्नुभयो । समाजका



सस्थापक अध्यक्ष एवम् वर्त्तमान सल्लाहकार समेत रहनुभएका गुरुङले कुनै स्वार्थ भाव नराखी समाजलाई सहयोग गर्न समेत आग्रह गर्नुभयो ।

त्यसैगरी री च्यहमी को तर्फबाट कमला गुरुङले नयाँ वर्षको शुभकामना दिदै समाजको प्रगतिको कामना गर्नुभएको थियो । समाजका सह सचिव रुपसीं गुरुङले संचालन गर्नुभएको कार्यक्रममा राम्चेली री च्हमी पोखराका तिल कुमारी गुरुङ, समाजका द्धितिय उपाध्यक्ष दुरमाया गुरुङ, सल्लाहकार मोहन गुरुङ लगायत समाजका सदस्यहरुको सहभागिता थियो । कार्यक्रममा समाजले प्रकाशित गरेको भित्तेपात्रो समेत विमेचन गरिएको छ । गृहजिल्लाको पर्यटकिय स्थल भालुपहाड पुगेर कार्यक्रम आयोजना गर्दा पर्यटन प्रवर्द्धनमा टेवा पुग्ने विश्वास समाजले गरेको छ ।

# बन्दीपुरमा सडक खाना महोत्सव सुरु

पोखरापत्र संवाददाता
दमौली, १ बैशाख

नयाँ वर्षका अवसरमा तनहुँको पर्यटकीय नगरी बन्दीपुरमा सडक खाना महोत्सव सुरु भएको छ ।

बन्दीपुर पर्यटन विकास समिति, क्षेत्रीय होटल व्यवसायी सङ्घ बन्दीपुर र तनहुँ उद्योग वाणिज्य सङ्घको संयुक्त आयोजनामा बुधबारदेखि यहाँ सडक खाना महोत्सव सुरु भएको हो ।

महोत्सवको उद्घाटन गर्दै बन्दीपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले बन्दीपुर पर्यटन विकासका लागि गुरुयोजना बनाएर अगाडि बढिएको बताउनुभयो ।

कोभिड सङ्क्रमणका कारण बन्दीपुरको पर्यटन प्रभावित भए पनि विस्तारै सङ्क्रमण न्यूनीकरण भएकाले अब यसले गति लिने थापाले उल्लेख गर्नुभयो । उहाँले गाउँपालिकाको समग्र विकासका लागि २० वर्षे गुरुयोजना बनाइएको बताउनुभयो ।

महोत्सव शुक्रबारसम्म सञ्चालन हुने पर्यटन विकास समितिका अध्यक्ष किसन प्रधानले जानकारी दिनुभयो । नेपाली नयाँ वर्षलाई स्वागत गर्दै बन्दीपुरमा पर्यटक भित्र्याउने उद्देश्यसहित सडक खाना महोत्सव आयोजना गरिएको प्रधानले बताउनुभयो ।

"कोभिडका कारण विगत केही वर्षदेखि नयाँ वर्षमा कार्यक्रम गर्न सकिएको थिएन, अहिले कोभिड सङ्क्रमण घटेकाले नयाँ वर्षमा साङ्गीतिक कार्यक्रमसहित खाना महोत्सवको आयोजना गरेका हौँ", उहाँले भन्नुभयो, "यो कार्यक्रमले बन्दीपुरमा पर्यटक आकर्षित गर्ने विश्वास लिएका छौ ।" महोत्सवको उद्घाटनका दिन करिब दुई हजार आन्तरिक पर्यटक बन्दीपुर पुगेका छन् । बन्दीपुरमा अहिले पर्यटकको उत्साहजनक आगमन नभए पनि नयाँ वर्षसँगै पर्यटकको आगमन वृद्धि हुनेमा व्यवसायी विश्वस्त छन् । "नयाँ वर्षपछि पर्यटक आगमन बढ्नेमा आशावादी छौँ", उहाँले भन्नुभयो, "सडक खाना महोत्सव पनि एउटा माध्यम हुनेछ ।" यहाँ आयोजना हुने सडक खाना महोत्सवले तनहुँका अतिरिक्त छिमेकी जिल्लाका पर्यटकलाई पनि बन्दीपुर उक्लिन सहयोग पुऱ्याउने विश्वास लिइएको प्रधानले बताउनुभयो ।

सडक खाना महोत्सवमा स्थानीय चुड्का, कौरा, डोको, लाखे नाच प्रदर्शन गरिनाका साथै 'दि इन्ट्रो ब्याण्ड' को प्रस्तुति रहने आयोजकले जनाएको छ । "नयाँ वर्ष मनाउन तनहुँकै सर्वसाधारण पनि पोखरा, चितवन जाने प्रचलन छ, त्यसलाई रोक्नका लागि बन्दीपुर उपयुक्त गन्तव्य हुने विश्वास हाम्रो छ", होटल व्यवसायी विपीन प्रधानले भन्नुभयो । बन्दीपुरमा होटल सङ्घसँग आबद्ध साना ठूला गरी ७७ होटल सञ्चालनमा छन् । बन्दीपुरमा ग्रिनपार्क, होटल दरबार हिमालय फेवा, गामघर, वोल्डइन, बन्दीपुर माउण्टेन रिसोर्ट, बन्दीपुर प्यालेस, मगर भिजेललगायत होटल सञ्चालन छन् ।

बन्दीपुरबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरिलगायतका हिमशृङ्खला देखिन्छन् । भक्तपुरे शैलीमा निर्माण गरिएका घर, टुँडिखेल, थानीमाई, तीनधारा, रानीवन, रामकोट, सुनखरी, खड्देवी मन्दिर, विन्ध्यवासिनी मन्दिर, महालक्ष्मी मन्दिर, सूचना केन्द्रलगायत स्थल यहाँ आउने पर्यटकका आकर्षणका केन्द्रबिन्दु बन्ने गरेका छन् । सदरमुकाम दमौलीदेखि १८ किलोमिटर डुम्रे हुँदै आठ किलोमिटरको उकालो यात्रा तय गरेपछि बन्दीपुर पुगिन्छ ।

# स्याङ्जा सदरमुकामका २३ पसलमा अनुगमन

पोखरापत्र संवाददाता
स्याङ्जा, १ बैशाख

दैनिक उपभोग्य सामाग्री व्यवसाय गरेका २३ पसलमा जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा अनुगमन भएको छ । म्याद गुज्रेका सामाग्रीहरुको विक्रि वितरण गरेको जनगुनासो आएपछि प्रशासनले जिल्ला सदरमुकाम पुतलीबजारमा अनुगमन गरेको हो ।

सदरमुकाम स्थित उपभोक्ताले दैनिक उपभोग गर्ने कृषि, पशु र खाद्यन्नका बिक्रि गर्ने पसलहरु अनुगमन गरेको थियो । खाद्यन्नका १४, तरकारी १, मासुजन्य ५, रेष्टुरेन्ट २ गरी २३ पसलहरुमा अनुगमन गरिएको जिल्ला प्रशासन कार्यालय स्याङ्जाले जनाएको छ ।

अनुगमनबाट प्रशासनले म्याद गुज्रेका दैनिक उपभोग्य सामाग्री बरामद गरेको जनाएको छ । सहायक प्रमुख जिल्ला अधिकारी नमिता रेग्मीको नेतृत्वमा उपभोक्ता हित मञ्च, स्वास्थ्यकर्मी, उद्योग वाणिज्य संघ, नेपाल प्रहरी लगायतको सहभागितामा पसलहरु अनुगमन गरिएको प्रशासनले जनाएको छ । मासु पसल, फलफुल पसल र खाद्यन्नका पसलहरुमा अनुगमन गरी म्याद गुज्रेका सामाग्रीहरु बरादम गरी नष्ट गरिएको सहायक प्रमुख जिल्ला अधिकारी रेग्मीले जानकारी दिइन् । बजारको अवस्था सामान्य देखिएको छ सप्रजिअ रेग्मीले भनिन्,' पहिलो प्रथामिकता नागरिकको स्वास्थ्य सगँ जोडिएकाले कृषि, पशु र खाद्यन्नमा हाम्रो जोड हो ।' यसको दायरा बढाउदै अन्य पशलहरुमा पनि हाम्रो अनुगमन हुने छ उनले भनिन् । अनुगमन गरिएपनि प्रशासनले कारवाहि भने अहिले सम्म कसैलाई गरेको देखिएको छैन । सुझाव दिने कामले मात्र बजारमा उपभोग्य बस्तुमाथी व्यवसायीको मनोमानी भने देखिने गरेको छ । यसको नियन्त्रण र दैनिक अनुगमन गर्ने अधिकार पाएको स्थानीय पालिकाहरु भने बेखबर जस्तै बनेका छन् ।

स्थानीय निकायले बजार अनुगमन गरी उपभोक्ताहरुलाई स्वास्थ्य सामाग्री र चर्को मुल्य असुलीबाट बचाउनु आवश्यक देखिएको उपभोक्ता हित मञ्च स्याङ्जाका अध्यक्ष राजेन्द्र मरासिनीले बताए । व्यवसायीक र उपभोक्त विच सचेतना कार्यक्रम गर्नुपर्ने अवस्था देखिएको उनले बताए । जनताको नजिकको सरकार भनेको स्थानीय निकाय हो उनले भने,' स्थानीय निकायनै उपभोक्तमुखी नभएको देखिदा नागरिकको स्वास्थ्यमा खेलवाड भएको छ ।' प्रशासनको भुमिका राम्रो भएपनि ऐनले स्थानीय सरकारलाई बजार अनुगमनको अधिकार दिएको छ उनले भने । बजारमा पेय पदार्थ, बिष्कुट, चाउचाउ लगायतका दैनिक उपभोग्य हुने बस्तुहरुको म्याद गुज्रेको पाइएको बताइएको छ । दुई मासु पसललाई भने बिक्रि स्थल सुधार गरी ७ दिनभित्र जिल्ला प्रशासनमा हाजिर हुन निर्देशन दिएको जनाएको छ । अन्य अनुगमन गरिएका पसलहरुमा भने सचेत गराइएको प्रशासनले जनाएको छ । यसमा खरिद विक्रिकर्ताहरु नै चनाखो हुनुपर्ने अवस्था देखिएको छ ।

